**बैठक सङ्ख्या : २७**

**स्थान : पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको कार्यालय**

आज मिति २०८१ साल जेठ महिनाको ३१ र ३२ गते बिहीबार तथा शुक्रबार बिहान ११:०० बजे यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको २७ औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| भुपेन्द्रा बुढा | कार्यपालिका उपाध्यक्ष |
| विरमान कामी | १ नं. वडा अध्यक्ष |
| जस बहादुर श्रीपाली | २ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| सुर बहादुर विक | ४ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| शंखे सेन | ६ नं. वडा अध्यक्ष |
| इनम विएम | ७ नं. का.वा. वडा अध्यक्ष |
| पूर्णा शाही मल्ल | ८ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| भरत बुढा | १० नं. वडा अध्यक्ष |
| कुमारसिंह | ११ नं. वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| शिविसन श्रीपाली | १३ नं. वडा अध्यक्ष |
| द्रवेश बुढा मगर | १४ नं. वडा अध्यक्ष |
| जोर कुमारी बुढा | कार्यपालिका सदस्य |
| मल्ति पुन | कार्यपालिका सदस्य |
| राज कुमार सुनार | कार्यपालिका सदस्य |
| जानु छन्तेल | कार्यपालिका सदस्य |
| ग्वारी बुढा | कार्यपालिका सदस्य |
| सिमिर गिरी | सदस्य सचिव |
| हरि चन्द्र वि.क. | कम्प्युटर अपरेटर |

## २७ औँ गाउँ कार्यपालिका बैठकका एजेण्डाहरु :

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।
२. आर्थिक वर्ष २०८१।०८२ को अनुमानित बजेट निर्माण सम्बन्धमा।
३. आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम सम्बन्धमा
४. गाउँपालिकाले निर्माण गरेका विभिन्न कार्यविधि तथा मापदण्डहरु स्वीकृत सम्बन्धमा।
५. काठमाण्डौं महानगरपालिका लाई सहयोग मागको लागि प्रस्तावना पेस सम्बन्धमा।
६. गाउँपालिकामा थप बैंक शाखा स्थापनाको लागि मागपत्र पेस सम्बन्धमा।
७. विविध

क. भूमे पर्वको स्थानीय बिदा सम्बन्धमा।
ख. एम्बुलेन्स दुर्घटनाको क्षतिपूर्ति सम्बन्धमा।
ग. ज्येष्ठ नागरिक सम्मेलन तथा आँखा शिविर सञ्चालन सम्बन्धमा।
घ. पाठेघरको समस्या रहेका महिलाहरु लाई थप उपचारको लागि रिफर सम्बन्धमा।
ङ. लुम्बिनी प्रदेश सरकार बाट प्राप्त सहिद परिवार, घाईते तथा विपन्न नागरिकलाई सुरक्षित आवास निर्माण तथा ज्येष्ठ नागरिक जनचेतानमूलक कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धमा।
च. विपद व्यवस्थापनको लागि पूर्वी तयारी तथा विपद राहत सम्बन्धमा।

**निर्णयहरु:-**

१. यसअघि मिति २०८०।१२।१३ गते सम्पन्न २६ औं गाउँ कार्यपालिकाको बैठकमा भएका निर्णयहरूको कार्यान्वियन विभिन्न कानुनहरूको अधीनमा रहिँ प्रभावकारी ढङ्गले कार्यान्वियन गर्नेगरी समीक्षा गरियो।

प्रस्ताव नं. २ लाई छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ को बजेट निर्माण सम्बन्धमा छलफल गर्दा यस पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका विभिन्न १४ वटै वडाहरुमा बजेट विनियोजनको लागि निम्न रकम बराबरको अनुमानित सिलिङ अनुसारको कार्यक्रम तयार गरि मिति २०८१।०३। ०५ गते भित्र आसन्न २८ औं गाउँ कार्यपालिकामा पेस गर्ने निर्णय गरियो।

**तपसिल:**

वडा नं. १ मा ३० लाख
वडा नं. २ मा ३० लाख
वडा नं. ३ मा २५ लाख
वडा नं. ४ मा २५ लाख
वडा नं. ५ मा ३० लाख
वडा नं. ६ मा २५ लाख
वडा नं. ७ मा २५ लाख
वडा नं. ८ मा ३० लाख
वडा नं. ९ मा २५ लाख
वडा नं. १० मा ३० लाख
वडा नं. ११ मा ३० लाख
वडा नं. १२ मा ३० लाख

वडा नं. १३ मा २५ लाख
वडा नं. १४ मा ३० लाख

प्रस्ताव नं. ३ लाई छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रमको लागि आसन्न मिति २०८१।०३।०४ गते भित्र बिभिन्न विषयगत समिति, राजनीतिक दल तथा सरोकारवाला सँग छलफल गरि राय सुझाव सङ्कलन बाट आगामी आर्थिक वर्ष २०८१। ०८२ को नीति तथा कार्यक्रमको लागि मिति २०८१।०३।०८ गते र बजेट विनियोजनको लागि असार ०९ गते १८ औं गाउँसभामा सञ्चालन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ लाई छलफल गर्दा पुथा उत्तरगङ्गा गाउँपालिकाले निर्माण गरेको बालकोष सञ्चालन कार्यविधि २०८१ लाई अनुमोदन गर्ने र टोल विकास समिति (गठन तथा परिचालन) कार्यविधि, २०८१ लाई थप अध्ययनका लागि सबै वडा कार्यालहरुमा पठाउने निर्णय गरियो।

प्रस्ताव नं. ५ लाई छलफल गर्दा यस गाउँपालिकाका नितान्त आवश्यक पक्षहरुलाई प्राथमिकताकरण गरि काठमाण्डौं महानगरपालिका लाई तपसिलका योजनाहरुमा सहयोग मागको लागि प्रस्तावना पेस गर्ने निर्णय गरियो।
क) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १२ क्युवाङमा स्मारीका तथा पार्क निर्माण,
ख) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १३ विर्गुममा खानीमा हिल पार्क निर्माण कार्यक्रम,
ग) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १४ मा डिग्रेपानीचौर ग्रिन पार्क निर्माण कार्यक्रम,
घ) पुथा उत्तरगङ्गा गाउँपालिका भित्र रहेका १४ वटै वडाहरुमा साक्षर, साक्षरतोर, निरन्तर शिक्षा तथा लैङ्गिक समानता र जिविकोउर्पाजन कार्ग्रमको लागि आयआयर्जन कार्यक्रम,
ङ) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ९ मा प्रभु गुफामा पार्क निर्माण कार्यक्रम।

प्रस्ताव नं. ६ लाई छलफल गर्दा यस पुथा उत्तरगङ्गा गाउँपालिका अति दुर्गम, भौगिक विकटता, सेवा ग्राहीहरुको अत्याधिक चाप तथा सिङ्गो गाउँपालिका तथा माथिल्लो क्षेत्रमा रहेका वडाहरु १,२,३,४, ५, ६, र ९ लाई यस गाउँपालिकाको वडा नं. १० मा रहेको एउटा मात्र सिद्धार्थ बैंङ्क तकसेरा शाखाले प्रभावकारी सेवा दिन तथा सेवाग्राहीहरु लाई सेवा लिन समस्या रहेको हुँदा सोही जटिल समस्यालाई मध्यनजर गर्दै यस गाउँपालिकाको वडा नं. ५ हुकाममा थप बैंक शाखा स्थापनाको लागि सम्बन्धीत निकायमा मागपत्र पेस गर्ने निर्णय गरियो।

**विविध**

क. भूमे पर्वको स्थानीय ब्रिदा सम्बन्धमा छलफल गर्दा मगर समुदायहरुको ऐतिहासीक पर्व भूमे पर्वलाई मध्यनजर गर्दै यहीँ असार १ र २ गतेका दिन पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका सबै सरकारी कार्यालयहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो।

ख. एम्बुलेन्स दुर्घटनाको क्षतिपूर्ति सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका बाट सञ्चालन भएको लु १ झ ६०५ नम्बरको एम्बुलेन्स मिति २०८१।०२।०५ गते राति १२:१५ बजे बिरामी लिई पोखरा जाँदै गरेको अवस्थामा पोखराको पृथ्वी चोकमा सोही गाडिको इन्जियनमा समस्या भई दुर्घटना भएर बिरामीको मृत्यु हुन पुगेको हुँदा पिडित पक्षको आफ्न्त लाई विपद व्यवस्थापन राहत कोष रकम बाट खर्च बेहोर्ने गरि रु. ५ लाख रकम क्षतिपूर्ति स्वरुप बेहोर्ने निर्णय गरियो।

ग. ज्येष्ठ नागरिक सम्मेलन तथा आँखा शिविर सञ्चालन सम्बन्धमा छलफल गर्दा पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका ज्येष्ट नागरिकहरुको मनोवल बृद्धि गर्न तथा नागरिकहरुको आँखाको समस्यालाई मध्यनजर गर्दै यहीं मिति २०८१ असार १५ गते भित्रै सञ्चालन गर्ने निर्णय गरियो ।

घ. पाठेघरको समस्या रहेका महिलाहरु लाई थप उपचारको लागि रिफर सम्बन्धमा छलफल गर्दा समस्या पहिचान भएका बिरामीहरु लाई सम्बन्धीत तोकेको स्थान जिल्ला अस्पताल रोल्पामा रिफरको लागि सिफारिस गर्ने निर्णय गरियो।

ङ. लुम्बिनी प्रदेश सरकार बाट पुथा उत्तरगङ्गा गाउँपालिकामा प्राप्त सहिद परीवार, घाइते तथा विपन्न नागरिकलाई सुरक्षित आवास निर्माण तथा ज्येष्ठ नागरिक जनचेतानमूलक कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धमा छलफल गर्दा सोही रकम अनुसारको काम सम्पन्न भैसकेको हुँदा लुम्बिनी प्रदेश सरकार समक्ष काम सम्पन्न प्रगति प्रतवेदन पठाउने निर्णय गरियो।

च. विपद व्यवस्थापनको लागि पूर्वी तयारी सम्बन्धमा छलफल गर्दा यस पुथा उत्तरगङ्गा गाउँपालिका भित्र वर्षादको समयमा विभिन्न घटना तथा बाढी, पहिरो हावाहुरी बाट मानविय तथा अन्य क्षति हुन सक्ने समस्यालाई मध्यनजर गरि पूर्व तयारी गर्ने तथा यस गाउँपालिकाको वडा नं. ३ मा मिति २०८०।१२।२८ गतेका दिन चात्रा भिरमा आगलागी हुँदा सोही वडाका एकै घरका आमा छोरा चन्द्रदया बुढा र शिशिर बुढालाई उपचार खर्चको लागि यस गाउँपालिकामा रहेको विपत व्यवस्थापन राहत कोष रकमबाट रु. ५०,०००। (अक्षरेपी पचास हजार मात्र) राहत स्वरुप नगद रकम पिडित पक्षको परिवार लाई आवश्यक कागजातको आधारमा दिने निर्णय गरियो।

**साथैं २७ औं गाउँ कार्यपालिका सौहार्द वातावरणमा सम्पन्न गरियो।**

सुमिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत